आज मिति २०८१ साल बैशाख २३ गते बलेफी गाउँपालिकाका अध्यक्ष श्री गंगा बहादुर तामाङज्यूको अध्यक्षतामा बलेफी गाउँकार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

उपस्थिति:

| क्र.सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री गंगा बहादुर तामाङ | अध्यक्ष | |
| २ | श्री सरु लामा तामाङ | उपाध्यक्ष | |
| ३ | श्री हुप बहादुर खड्का | अध्यक्ष वडा नं. १ | |
| ४ | श्री छविलाल न्यौपाने | अध्यक्ष वडा नं. २ | |
| ५ | श्री रितेश तामाङ | अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री सुर्जे तामाङ | अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री यादव ठकुरी | अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री तेज बहादुर पराजुली | अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री गृबिन्द्र कुमार चौंलागाई | अध्यक्ष वडा नं. ७ | |
| १० | श्री रमेश कुमार श्रेष्ठ | अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री ज्ञाने सुनार | कार्यपालिका सदस्य | |
| १२ | श्री ईश्वरी भण्डारी | कार्यपालिका सदस्य | ईश्वरी |
| १३ | श्री रश्मी तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री समिक्षा भूजेल | कार्यपालिका सदस्य | |
| १५ | श्री देवकी भुजेल | कार्यपालिका सदस्य | देवकी |
| १६ | श्री कविता काफ्ले | कार्यपालिका सदस्य | कविता |
| १७ | श्री रेवन्त दहाल | सदस्य सचिव | |

आमन्त्रित:

| | | | |
|---|---|---|---|
| १ | श्री बालकृष्ण दाहाल | बरिष्ठ लेखा अधिकृत | |
| | | | |
| | | | |

प्रस्तावहरु:

१. अघिल्लो बैठकको समीक्षा सम्बन्धमा ।
२. गाउँपालिका स्तरीय भलिबल प्रतियोगिता सम्बन्धमा ।
३. गृहिणी महिला सशक्तिकरण कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।
४. योजनाहरूको म्याद थप सम्बन्धमा ।
५. आगामी आ.व. २०८१/०८२ को बजेट तयारी सम्बन्धमा ।
६. विविध सम्बन्धमा ।

निर्णयहरु:

१. अघिल्लो बैठकमा गरिएका निर्णयहरू सन्तोषजनक रूपमा कार्यान्वयन भएको पाइयो ।
२. बलेफी गाउँपालिका स्तरीय भलिबल प्रतियोगिताका लागि खेलकुद प्रवर्धन शीर्षकबाट रु. ५,००,००० /- विनियोजन गर्ने । उक्त प्रतियोगिता मिति २०८१/०२/१० देखि २/१२ सम्म वडा नं. १, जलविरेमा संचालन गर्ने । पुरस्कार राशी प्रथम, दित्तिय र तृतीयका लागि क्रमशः रू. ५०,००० , रू. ३०,००० र रू. २०,००० कायम गर्ने निर्णय गरियो ।
३. बागमती प्रदेश सामाजिक विकास मन्त्रालयसँग भएको सम्झौता अनुसार गृहिणी महिला सशक्तिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० बमोजिम कार्यक्रम सञ्चालनका लागि यस गाउँपालिकाको वडा नं. २, ५, ७ र ८ छनौट गर्ने निर्णय गरियो ।
४. गाउँपालिकामा सम्झौता भई तोकिएको समयमा कार्य सम्पन्न नभएका देहायका योजनाहरुको म्याद थप गर्ने निर्णय गरियो।
   क. मिति २०८०/१०/०४ मा सम्झौता भएको वडा नं.७ को चिम्लिङबेशी दुग्ध उत्पादक सहकारीसँग समन्वयमा गाई वितरण कार्यक्रमको म्याद २०८१।०२।३० सम्म थप गर्ने ।
   ख. मिति २०८०/११/११ मा सम्झौता भएको वडा नं.५ मा रहेको फलाटे कालिका खानेपानी उद्योगमा विद्युत जडान कार्यक्रमको म्याद २०८१।०१।३१ सम्म थप गर्ने ।
   ग. मिति २०८०/०९/१९ मा सम्झौता भएको वडा नं. २ मा रहेको कामीटार खानेपानी तथा सरसफाई योजनाको म्याद २०८१।०२।३० सम्म थप गर्ने ।

५. आगामी आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम र वार्षिक बजेट निर्माण गर्दा बलेफी गाउँपालिकाको प्रथम आवधिक योजना (आ.व.२०८०/०८१-२०८४/०८५) बमोजिम बनाउने । बजेटलाई जनमुखी, जनसहभागिता मूलक तथा प्रभावकारी बनाउन वडा समितिले गाउँ/टोल भेला गरी योजना/कार्यक्रम छनौटको प्रक्रिया अगाडी बढाउने । कार्यालयले संघ तथा प्रदेश

सरकारबाट प्राप्त हुने अनुदान र आन्तरिक स्रोतबाट हुन सक्ने आयको अनुमान गरी आगामी कार्यपालिका बैठकमा वडा गत तथा विषयगत शाखालाई दिन सकिने बजेट सीमा पेश गर्ने निर्णय गरियो ।

६. विविध

क. आ. व. २०८०/०८१ मा कुलचन्द्र कृषि तथा पशुपालन फर्म अनुदान वडा नं. २ मा विनियोजित बजेटमा फर्मको नाम कुलचन्द्र कुखुरा फर्म कायम गर्ने निर्णय गरियो ।

ख. आ. व. २०८०/०८१ मा विनियोजित कपिलेश्वर महादेव मन्दिर सौन्दर्य करण वडा नं. १ अन्तर्गत शौचालय, पाटी र खानेपानी व्यवस्थापन गर्ने निर्णय गरियो ।

ग. उपाध्यक्ष स्थानीय धर्म प्रवर्धन तथा सांस्कृतिक कार्यक्रम शीर्षकबाट रु. १,५०,००० नेपाल तामाङ घेदुङलाई ल्होसार कार्यक्रम संचालन बापत भुक्तानी दिने निर्णय गरियो ।

घ. बलेफी गाउँपालिका वडा नं. २ बस्ने सृजना परियारलाई रू. १५,००० आर्थिक सहायता गर्ने निर्णय गरियो ।

ङ. बलेफी गाउँपालिका वडा नं. ७ मा रहेको न्यू सदाबहार युवा क्लबलाई सिन्धुपाल्चोक जिल्ला लिग फुटबल प्रतियोगितामा सहभागिताका लागि खेलकुद प्रवर्धन शीर्षकबाट रु. ३,००,००० /- आर्थिक सहयोग गर्ने निर्णय गरियो।

च. यस बलेफी गाउँपालिका क्षेत्रभित्रका नदि तथा खोलाहरूको प्रारम्भिक वातावरणीय अध्ययन (IEE) प्रतिवेदन तयारीका लागि परामर्शदाता R & B Engineers and Builders (P.) Ltd. ले पेश गरे बमोजिम TOR (Terms of Reference) स्वीकृत गर्ने निर्णय गरियो।